प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## प्रि-डिप्लोमा तहको नियमित/आंशिक तर्फका बिभिन्न कार्यक्रमहरुको वार्षिक/अन्तिम परीक्षाको आवेदन फाराम भर्ने बारे अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मिति: २०८२।०४।०५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट प्रि-डिप्लोमा तहको सम्बन्धन स्वीकृत प्राप्त गरी आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम र निजी स्तरमा सम्बन्धन/स्वीकृति प्राप्त सम्पूर्ण शिक्षालयहरूले **नियमित तथा आंशिक** परीक्षार्थीहरूका लागि **भाद्र** महिनामा सञ्चालन हुने प्रि-डिप्लोमा तह (**२४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रमहरु, Automobile Engineering र Survey Engineering कार्यक्रमहरु बाहेक**) को परीक्षामा सम्मिलित हुन सम्बन्धित परीक्षार्थीहरूले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०८२ साल श्रावण १९ गते भित्र नियमित शुल्कमा र २०८२ साल श्रावण २६ गते भित्र विलम्व शुल्कमा तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

साथै प्रि-डिप्लोमा  तहमा प्राविधिक शिक्षामा **विशेष छात्रबृत्ति कार्यक्रम** अन्तर्गत शैक्षिक शत्र २०८१/०८२ मा रजिष्ट्रेशन कायम भएका परीक्षार्थीहरुले समेत यसै सूचना बमोजिम परीक्षा आवेदन फाराम भर्नु हुन अनुरोध छ ।

**परीक्षा सञ्चालन हुने कार्यक्रमहरू:**

(क) शैक्षिक सत्र २०८१/०८२ मा रजिष्ट्रेशन भई प्रि-डिप्लोमा तह अन्तर्गत प्रशिक्षण पुरा गरेका (१२+६) महिना अवधिका सम्पूर्ण नियमित कार्यक्रमहरू

- **Special Scholarship Program:** Civil Engineering, Electrical Engineering, Mechanical Engineering, Automobile Engineering, LP/AH, Agriculture (Plant Science), Veterinary Science, Culinary Arts, Forestry
- **12+6 Months program,** Livestock Production/Animal Health, Veterinary Science, Agriculture (Plant Science), Civil Engineering, Computer Engineering, Electrical Engineering, Mechanical Engineering, Electronics Engineering, Refrigeration & AC Engineering, Water Supply & Sanitary Engineering, Culinary Arts, Hotel Management, Computer Application & Secretarial Management, Social Mobilization and Entrepreneurship Development.

साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका परीक्षार्थीहरूलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरु:**

१. शिक्षालयले शैक्षिक सत्र २०७८/०७९ (**ई.सं २०२१**) देखिका (१२+६ महिने) ITMS Online बाट रजिष्ट्रेशन भएका **सम्पुर्ण कार्यक्रमहरुका** परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट नियमितका लागि **सेतो** कागजमा र आंशिकका लागि **पहेंलो** कागजमा प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

२. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

३. आंशिक परीक्षार्थीको हकमा (१२+६) महिने कार्यक्रममा शैक्षिक शत्र २०७८/०७९ (ई. सं. २०२१) देखि भर्ना भई रजिष्ट्रेशन भएका प्रशिक्षार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँनेछन् ।

४. नियमित तर्फका परीक्षार्थीहरूको नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

५. शैक्षिक शत्र २०७८/०७९ (**ई.सं २०२१**) देखिका (१२+६ महिने) आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

७. आंशिक तर्फ शैक्षिक शत्र २०७८/०७९ (ई.सं. २०२१) देखि भर्ना भई रजिष्ट्रेशन भएका सम्पूर्ण कार्यक्रमहरुको  Online आवेदन फारामहरु Web based online system मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

८. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

९. परीक्षा आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त आवेदन फाराम सम्वन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

१०. निजी रूपमा कार्यक्रम सञ्चालन गरेका शिक्षण संस्थाका लागि नियमित परीक्षार्थीको प्रति परीक्षार्थी रु.२,०००।- (अक्षेरुपी दुई हजार मात्र ) (परीक्षा शुल्क रु.१,७००।- र कार्यगत मूल्याङ्कन (OJT) रु. ३००) र परिषद्का आंगिक, साझेदारी तथा TECS कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरूको नियमित परीक्षार्थीको हकमा प्रति परीक्षार्थी रु.१,०००।- (अक्षेरुपी एक हजार मात्र) र सम्पुर्ण सैद्धान्तिक वा प्रयोगात्मक मध्ये एउटाको सैद्धान्तिक वा प्रयोगात्मक आंशिक परीक्षार्थीको हकमा प्रति (एक विषय) शुल्क बापत रु.२००।- (दुई सय ) र प्रति थप विषय रु.१५०।- (एक सय पचास) का दरले लाग्ने थप रकम समेत निम्न खातामा दाखिला गर्ने ।

परीक्षा शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिबरण यस प्रकार रहेको छ ।

| क.सं | प्रदेश कार्यालय | बैंक खाताको नाम | बैंकको नाम | बैंकको शाखा | बैंक खाताको प्रकारं | बैंक खाता नं |
|---|---|---|---|---|---|---|
| १. | प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी | CTEVT Koshi Province Office | Rastriya Banijya Bank Ltd | Itahari, Sunsari Branch | Current Account | 2550100001278001 |
| २. | प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा | CTEVT Province/2 | Rastriya Banijya Bank Ltd | Pidarichowk, Janakpur Branch | Current Account | 1520100002639001 |
| ३. | प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडा | CTEVT Bagmati Province Office | Rastriya Banijya Bank Ltd | Hetauda Branch | Current Account | 1300100003669001 |
| ४. | प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की | Prabidhik Sikchaya Tatha Byabasayik | Rastriya Banijya Bank Ltd | Pardi, Pokhara Branch | Current Account | 3500100000234001 |
| ५. | प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही | CTEVT Province-5 Aarjan | Rastriya Banijya Bank Ltd | Rajmarg Chauraha, Butwal Branch | Current Account | 3360100000361001 |
| ६. | प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत | Prabidik Si. Bya. Ta. Kar. Pra (Aarjan) | Rastriya Banijya Bank Ltd | Surkhet Branch | Current Account | 4080100015528001 |
| ७. | प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली | CTEVT Sudurpaschim Province Office (Aarjan) | Rastriya Banijya Bank Ltd | Dhangadi Branch | Current Account | 4170100006508001 |

सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी सोही दिन भौचर ITMS Online मा upload गर्नुपर्नेछ र **मिति २०८२ श्रावण २९ गते भित्र नियमित तथा विलम्व** परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

११. ITMS Online बाट परीक्षार्थीहरुको प्रवेश पत्र नियमित तर्फको **सेतो** कागजमा र आंशिक तर्फको **पहेंलो** कागजमा प्रिन्ट गरी प्रदेश कार्यालयबाट प्रमाणित गराई परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ र प्रवेश पत्र नभएको परीक्षार्थीलाई परीक्षामा समावेश गराइने छैन ।

**नोटः**

१. परीक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने नियमित शुल्कको हकमा मिति २०८२।०४।०५ गते देखि मिति २०८२।०४।१९ गते दिनको ३:०० बजे सम्म

२. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने नियमित शुल्कको मिति २०८२।०४।०६ गते देखि मिति २०८२।०४।१९ गते सम्म

३. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति २०८२।०४।२० गते

४. परीक्षार्थीहरुले बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम सम्वन्धित शिक्षालयमा बुझाउने मिति २०८२।०४।२० देखि मिति २०८२।०४।२६ गते सम्म

५. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने बिलम्ब शुल्कको मिति २०८२।०४।२० गते देखि मिति २०८२।०४।२६ गते सम्म

६. शिक्षालयले बिलम्ब शुल्कको बैंक दाखिला गर्ने अन्तिम मिति २०८२।०४।२७ गते सम्म

७. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८२।०४।१९ गते भित्र नियमित शुल्कको तथा मिति २०८२।०४।२६ गते भित्रमा बिलम्ब शुल्कको **ITMS Online System** मा शिक्षण संस्थाहरुले **Entry** गरिसक्नुपर्नेछ ।

८. **ITMS online** मा दिइएको **Online Payment** मार्फत शुल्क बुझाउने शिक्षालयको हकमा परीक्षार्थीको प्रवेश पत्र शिक्षालय स्वयंले प्रिन्ट गरी प्राचार्यले दस्तखत गरी शिक्षालयको छाप लगाई बितरण गर्नुपर्नेछ ।

९. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ ।

१०. शिक्षण संस्थाहरुले समष्टिगत विवरण, नियमित तथा विलम्ब परीक्षा फाराम, भौचर लगायत सम्पुर्ण कागजातहरुको फाइल एकै साथ मिति २०८२।०४।२९ गते भित्रमा सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**